**गढवा गाउँपालिका**

**देउखुरी दाङ, लुम्बिनी प्रदेश नेपाल**

# स्थानीय राजपत्र

**स्थानीय सरकारद्वारा प्रकाशित**

**खण्ड ः ४ फाल्गुन २९ गते, २०७७ साल, संख्या ः ५**

## भाग – १

## गढवा गाउँपालिकाको सूचना ।

नेपालको संविधानको धारा २२२ बमोजिम गढवा गाउँपालिकाको गाउँसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## गढवा गाउँपालिकाको कृषि प्रवर्धन तथा किसान सशक्तीकरण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७७

**प्रस्तावना ः**

कृषि जमिनको दिगो उपयोग, असल कृषि ज्ञान तथा प्रविधिको संरक्षण तथा प्रवर्धन, किसानको समग्र सशक्तिकरण, कृषि व्यवसायको प्रवर्धन एवं व्यवस्थापन रकृषि बजारीकरण मार्फत समग्र कृषि प्रणालीको विकास गरी गढवा गाउँपालिकाका नागरिकको खाद्य अधिकार सुनिश्चित गर्दै खाद्यान्नमा आत्मनिर्भरताका लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले गढवा गाउँसभाले नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम गढवा गाउँपालिकाको कृषि सम्बन्धमा व्यवस्था गर्न यो विधेयक बनाएको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ ः** (१) यस ऐनको नाम "गढवा गाउँपालिको कृषि प्रवर्धन तथा किसान सशक्तिकरण ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भएको दिनबाट गढवा गाउँपालिका भरी लागू हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस ऐनमा,

**(क)** "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ ।

(ख) "उपाध्यक्ष" भन्नाले गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्दछ ।

(ग) "कार्यपालिका" भन्नाले गढवा गाउँ कार्यपालिका सम्झनुपर्छ ।

(घ) "गाउँपालिका/पालिका" भन्नाले गढवा गाउँपालिका सम्झनुपर्छ ।

(ङ) "सभा" भन्नाले गढवा गाउँपालिकाको गाउँ सभालाई सम्झनुपर्छ ।

(च) "वडा" भन्नाले गढवा गाउँपालिकाको वडा सम्झनुपर्छ ।

(छ) "मन्त्रालय" भन्नाले संघ तथा प्रदेशको कृषि क्षेत्र हेर्ने कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई सम्झनु पर्दछ ।

(ज) "कृषक" भन्नाले यस ऐनको प्रयोजनका लागि कृषिलाई मुख्य पेशा वा ब्यवसाय बनाई त्यसबाट नै आफ्नो जीविकोपार्जन गर्ने नागरिक सम्झनु पर्छ र सो शब्दले त्यस्तो नागरिकमा आश्रित परिवारका सदस्य वा वर्षको छ महिना वा सोभन्दा बढी अवधि कृषि कार्यमा श्रम गर्ने वा परम्परागत कृषि औजार निर्माण गर्ने नागरिक वा त्यस्तो नागरिकमा आश्रित परिवारका सदस्यलाई समेत जनाउँछ । साथै यो शब्दले परम्परागत कृषि ज्ञानमा आधारित भई खेती गर्ने किसान, साना किसान, भूमिहीन किसान तथा महिला किसानलाई समेतलाई बुझ्नु पर्नेछ ।

(झ) "भूमिहीन" भन्नाले कृषि पेशामा आश्रित भई यस पालिकामा स्थायी वसोवास गरी आएको र आफ्नो वा आफ्नो परिवारको नाममा नेपालभर कृषि प्रयोजनका लागि दर्ता वा वेदर्ता जग्गा नभई दफा २० बमोजिम तयार गरिएको अभिलेखमा भूमिहीनका रुपमा नाम समावेश भएको ब्यक्ति सम्झनुपर्छ ।

(ञ) साना किसान : वार्षिक अधिकतम् ३ कठ्ठा (०.१ हेक्टर) देखि १५ कठ्ठा (०.५ हेक्टर) सम्म कृषियोग्य जमिनमा खेती गर्ने किसान र बजारमा कहिले काहीं आफ्नो उत्पादन बिक्री गर्ने किसानलाई यस वर्गमा राखिनेछ ।

(ट) मध्यम किसान : वार्षिक १५ कठ्ठा (०.५ हेक्टर) भन्दा माथि देखि ४४ कठ्ठासम्म ( १.५ हेक्टर) सम्म कृषियोग्य जमिनमा खेती गर्ने तथा आफ्नो उत्पादन निरन्तर रूपमा बजारमा बिक्री गर्ने किसानलाई यस वर्गमा राखिनेछ ।

(ठ) "कृषियोग्य भूमि" भन्नाले कृषि प्रयोजनको लागि प्रयोग हुने, कृषिजन्य उत्पादन गर्ने वा प्रचलित कानून बमोजिम कृषि कार्यमा उपयोगको लागि निर्धारण गरिएको भूमिलाई सम्झनु पर्छ ।

(ड) "कृषि" भन्नाले अनुसूची (१) मा उल्लेख भए बमोजिमका विषयसँग सम्वन्धित कार्यलाई सम्झनु पर्दछ र सो शब्दले ब्यावसायिक कृषिलाई समेत जनाउँछ ।

(ढ) "कृषि फर्म" भन्नाले ब्यवसायिक प्रयोजनको लागि अनुसूची (१) बमोजिमका उपभोग्य कृषि वस्तु उत्पादनका लागि सञ्चालन गरिएको कृषि फर्म सम्झनु पर्छ ।

(ण) "कृषि वस्तु" भन्नाले कृषकले कुनै बोट विरूवा वा जीवजन्तुबाट उत्पादन गरेको उपभोग्य कृषि वस्तु सम्झनु पर्छ ।

(त) "कृषि पेशा" भन्नाले खेती, पशुपालन तथा कृषि व्यवासाय गर्ने नागरिकलाई सम्झनु पर्दछ।

(थ) "कृषि व्यवसाय" भन्नाले व्यावसायिक उद्देश्यले गरिने देहायको व्यवसाय सम्झनु पर्छ :

(१) कृषि बाली वा बस्तुको उत्पादन,

(२) कृषिजन्य वस्तुको प्रशोधन,

(३) कृषि उपजको व्यापार,

(४) कृषि उत्पादनका लागि प्रयोग हुने प्राङ्गारिक मलको उत्पादन, भण्डारण तथा वितरण,

(५) कृषि उत्पादनको लागि प्रयोग हुने बीउ, बेर्ना, नश्ल र भुराको उत्पादन, परामर्श सेवा, भण्डारण तथा वितरण,

(६) कृषिमा प्रयोग हुने विषादीको उत्पादन, परामर्श, भण्डारण तथा बिक्री व्यवसाय।

(द) "कृषि बजार" भन्नाले कृषि उपजको ग्रेडिङ, प्याकेजिङ्ग, ढुवानी, भण्डारण, वितरण तथा कृषि उपजको बिक्री वितरण गर्ने कृषि बजार सम्झनु पर्छ ।

(ध) "कृषि व्यापारी" भन्नाले कृषि उपजको थोक तथा खुद्रा व्यापारीलाई सम्झनुपर्छ ।

(न) "कृषि व्यवसाय प्रवर्धन तथा किसान सशक्तिकरण कोष" भन्नाले कृषि व्यवसाय प्रर्वधन तथा किसान सशक्तिकरणका लागि गाउँपालिकाले निर्माण गरेको कोष सम्झनु पर्छ

(प) "खुद्रा बजार" भन्नाले कुनै विक्रेताले उपभोक्तालाई बिक्री गर्ने कार्यलाई सम्झनु पर्छ ।

(फ) "खाद्य वस्तु" भन्नाले जैविक स्रोतबाट प्राप्त साँस्कृतिक रूपमा स्वीकार्य प्रशोधित, अर्धप्रशोधित वा अप्रशोधित मानव उपभोग्य पदार्थ सम्झनु पर्छ र सो शब्दले त्यस्तो पदार्थको तयारी, प्रशोधन वा उत्पादनमा प्रयोग हुने कच्चा पदार्थलाई समेत जनाउँछ ।

(ब) "खाद्य सम्प्रभुता" भन्नाले खाद्य उत्पादन तथा वितरण प्रणालीमा किसानले उपभोग वा अभ्यास गर्ने देहायको अधिकार सम्झनु पर्छ ।

(१) खाद्य सम्बन्धी नीति निर्माण प्रक्रियामा सहभागी हुने,

(२) खाद्य उत्पादन वा वितरण प्रणालीसँग सम्वन्धित कुनै पनि व्यवसाय रोज्ने,

(३) कृषियोग्य भूमि, श्रम, बीउ बीजन, प्रविधि, औजारको छनौट गर्ने,

(४) कृषि व्यवसायको विश्वव्यापीकरण वा व्यापारीकरणको प्रतिकूल प्रभावबाट मुक्त रहने ।

(भ) “खाद्य सुरक्षा” भन्नाले सक्रिय र स्वस्थ मानव जीवनयापन गर्न आवश्यक हुने खाद्यमा प्रत्येक व्यक्तिको भौतिक तथा आर्थिक पहुँच सम्झनु पर्छ ।

(म) “थोक बजार” भन्नाले कुनै उत्पादक वा विक्रेताले अर्को विक्रेतालाई कृषि वस्तु बिक्री वितरण गर्ने थोक बजारलाई सम्झनु पर्छ ।

(य) “बिक्रेता” भन्नाले कृषि वस्तुहरु बिक्री गर्ने व्यापारी, कृषक, कृषक समूह, कृषि फार्म, सहकारी संस्था, कम्पनी वा एजेन्ट बिक्रेता समेतलाई सम्झनु पर्छ ।

(र) “संकलन केन्द्र” भन्नाले कृषकहरूले दोस्रो बजारमा विक्री गर्ने उद्देश्यले कृषि उपज संकलन गरेर विक्रेतालाई विक्री गर्ने संकलन केन्द्रलाई सम्झनु पर्छ ।

(ल) “हाट-बजार” भन्नाले कृषि उपज लगायत अन्य स्थानीय उत्पादन विक्री गर्ने उद्देश्यले स्थानीय तहबाट स्वीकृत लिई सञ्चालन भएको हाट बजारलाई सम्झनु पर्छ ।

(व) “समिति” भन्नाले यस ऐनको दफा ३ बमोजिम गठन भएको कृषि बजार सञ्चालन तथा व्यवस्थापन समिति सम्झनु पर्छ ।

(श) “संगठन” भन्नाले कृषक समूह, भूमिअधिकार मञ्च, सहकारी, फर्म, उद्योग समेतलाई जनाउनेछ ।

(ष) “तोकिएको” वा “तोकिएको बमोजिम” भन्नाले यस ऐन अर्न्तगतको नियममा तोकिए वा तोकिएको बमोजिम सम्झनु पर्छ ।

(स) “निर्वाहमुखी कृषि” भन्नाले आफ्नो लागि आवश्यक उत्पादन गर्ने कृषि भनेर सम्झनुपर्छ । यसमा बिक्रीका लागि उत्पादन गरिदैंन ।

(ह) “पारिवारिक खेती” भन्नाले परिवारको लगानी र पारिवारिक श्रमको मात्र उपयोग गरेर गरिने कृषिलाई सम्झनुपर्छ ।

(क्ष) “करार खेती” भन्नाले अन्य व्यक्तिको जमिन करार वा भाडामा लिई गरिने कृषि भनेर सम्झनुपर्छ ।

## परिच्छेद-२

### परिवेश नक्शाङ्कन ः

**३. गढवा गाउँपालिकाले परिवेश नक्शाङ्कन गर्ने** ः (१) दिगो कृषि विकास तथा किसान सशक्तिकरणका लागि पालिकाभित्रको भूमि कृषि परिवेश विश्लेषण सहभागीमूलक प्रक्रियाबाट गरिनेछ ।

(२) उपदफा (१) बमोजिम हुने परिवेश विश्लेषण तथा नक्शाङ्कनको कार्यमा पालिकामा बसोबास गर्ने किसान तथा अन्य सरोकारवालाको प्रतिनिधीको अनिवार्य प्रतिनिधित्व गराइनेछ ।

(३) उपदफा (१) बमोजिम गरिने परिवेश विश्लेषण तथा नक्शाङ्कनमा पालिकाभित्रका कृषक, कृषि जमिनको अवस्था, उत्पादकत्व, सिञ्चाई जस्ता कृषि सम्बन्धि सम्पूर्ण कृषि पूर्वाधारहरू तथा कृषि सम्भाब्यताहरूको विश्लेषण गरी अभिलेखिकरण गरिनेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त सूचना तथा अभिलेखहरू सरोकारवालाको सहज पहुँचमा हुनेछन् ।

(५) परिवेश विश्लेषण तथा नक्शाङ्कनको कार्यलाई हरेक २/२ वर्षमा अद्यावधिक गरिनेछ ।

## परिच्छेद(३

## किसान संरक्षण तथा सशक्तिकरण

**४. किसानको संरक्षण र सशक्तिकरण गर्ने** : (१) पालिकामा रहेका सबै प्रकारका किसानको संरक्षण र सशक्तिकरणका लागि गाउँपालिकाले उपयुक्त योजना तथा कार्यक्रमहरू वार्षिकरूपमा तयार गरी कार्यान्वयन गर्नेछ ।

(२) किसानको संरक्षण र सशक्तिकरणका लागि गाउँपालिकाले देहाय बमोजिमका कार्यहरू गर्नेछ :

(क) वास्तविक किसानको पहुँचमा खेतीयोग्य जमिन पु= लिज खेती केन्द्रित कार्यक्रम सञ्चालन गरि लिज खेतीलाई प्रर्वधन गरिनेछ । यस कार्यमा भूमिहनि, साना, महिला, दलित र जनजाती किसानलाई प्राथमिकता प्रदान गरिनेछ । आफैं खेती नगर्ने जग्गाधनीलाई त्यस्तो जग्गा भूमिहीन तथा साना किसानलाई लामो अवधीको लागि सुलभ भाडामा दिन प्रोत्साहन गरिनेछ ।

(ख) किसानको आय तथा प्रतिफलको सुरक्षाका लागि कृषि बिमा, कृषि अनुदान, कृषि ऋण, कृषि औजार उपकरण तथा कृषि पूर्वाधारहरूमा किसानको पहुँच सुनिश्चित गरिनेछ ।

(ग) किसानको कृषि तथा खाद्य प्रणालीमा सहभागिता सुनिश्चित गरि आफ्नो उत्पादनको बिक्री वितरणमा स्वतन्त्र हुने वातावरण प्रदान गर्ने ।

(घ) कृषकहरूको कृषि कर्म तथा ब्यवसायका लागि आवश्यक पर्ने सीप तथा ज्ञानमा दक्षता अभिवृद्धि गर्न आवस्यक कार्यक्रम सञ्चालन गर्नेछ । यस्ता कार्यमा भूमिहनि, साना, महिला, दलित र जनजाती किसानलाई प्राथमिकता प्रदान गरिनेछ ।

(ङ) अधिँया तथा बटैया प्रणालीको नियमन र ब्यबस्थापन गरिनेछ । ,

(च) गढवा गाउँपालिकाले किसानहरूलाई कृषि सहकारी एवम् कृषि संगठनहरूमा संगठित गर्दै कृषि उत्पादनमा वृद्धि तथा किसानको ब्यवसायिक क्षमता अभिवृद्धि गरी आत्मनिर्भर बनाउनका लागि स्पष्ट कार्ययोजना तथा कार्यक्रमहरू सञ्चालन गर्नेछ ।

साथै सहकारीसँगको समन्वयमा पालिकामा उत्पादित कृषि उपजको उचित बजारिकरणका लागि पनि कार्यक्रम सञ्चालन गर्नेछ ।

(ज) कृषक, कृषक समूह तथा कृषि सहकारीको गठन, सबलिकरण तथा विकासका लागि गढवा गाउँपालिकाले उचित वातावरण निर्माण गर्नेछ ।

(झ) गढवा गाउँपालिका आफ्नो पालिका भित्रको कृषि उत्पादनको उत्पादकत्व वृद्धि तथा बजारिकरणकालागि यातायात, बीउ, बीजन, कृषि सामाग्री र कृषि प्रविधिमा अनुदानको व्यवस्था गर्नेछ । यस्तो अनुदान व्यवसायिक कृषकलाई वार्षिक कार्यक्रमको माध्यमबाट प्रदान गरिनेछ । अनुदान वितरणमा भूमिहनि, साना, महिला, दलित र जनजाती किसानलाई प्राथमिकता प्रदान गरिनेछ ।

(३) उपदफा (२) बमोजिमका कार्यक्रमको योजना गर्दा साना, भूमिहीन, महिला, दलितर आदिवासी जनजाती किसानको आवश्यकतालाई विशेष ध्यान दिई उनिहरूलाई पहिलो प्राथमिकता दिईनेछ । यी कार्यक्रम निर्माणमा समेत भूमिहनि, साना, महिला, दलित र जनजाती किसानको सहभागितालाई गाउँपालिकाले सुनिश्चित गर्नेछ ।

## परिच्छेद-४
## कृषियोग्य जमिन व्यवस्थापन सम्बन्धी व्यवस्था

**५. कृषियोग्य जमिनको उपयोग तथा व्यवस्थापन गर्ने** : (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका कृषियोग्य जमिनको सही व्यवस्थापन गर्दै दिगो कृषि विकास योजना तर्जुमा तथा कार्यान्वयन गर्नका कृषि भूमि व्यवस्थापन समिति गठन गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको समितिको गठन देहाय बमोजिम हुनेछः

(क) गाउँपालिका अध्यक्ष – अध्यक्ष

(ख) गाउँपालिका उपाध्यक्ष – उपाध्यक्ष

(ग) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

(घ) गाउँपालिकास्तरीय कृषि समितिका संयोजक वा प्रमुख – सदस्य

(ङ) गाउँपालिकास्तरीय भूमि अधिकार मञ्चका अध्यक्ष वा प्रतिनिधि – सदस्य

(च) गाउँपालिकास्तरीय कृषक समूह वा राष्ट्रिय कृषक महासंघका अध्यक्ष वा प्रतिनिधि– सदस्य

(छ) साना किसान कृषि सहकारीले तोकेको प्रतिनिधि – सदस्य

(ज) समितिले मनोनयन गरेको महिला उद्यमीहरू मध्येबाट एकजना – सदस्य

(झ) समितिले मनोनयन गरको व्यवसायिक किसान मध्ये एक जना महिला – सदस्य

(ञ) समितिले मनोनयन गरेको दलित किसान मध्ये एक जना दलित किसान – सदस्य

(ट) समितिले मनोनयन गरेको जनजाती किसान मध्ये एक जना जनजाती किसान –सदस्य

(ठ) उद्योग बाणिज्य संघका प्रतिनिधि – सदस्य
(ड) कृषि विषय विज्ञ (विषय अनुसार) – सदस्य
(ढ) गाउँपालिकाको कृषि अधिकृत – सदस्य सचिव

(३) समितिले सम्बन्धित क्षेत्रका विशेषज्ञ तथा अन्य ब्यक्तिलाई समितिका बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(४) समितिको बैठक त्रैमासिक रूपमा सञ्चालन गरिनेछ , आवश्यकता अनुसार बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) समितिले यस ऐनको उद्देश्य कार्यान्वयन गर्न आवश्यकता अनुसार विभिन्न वडाहरूमा उप–समितिहरू गठन गर्न सक्नेछ ।

(६) समितिको सचिवालय गाउँपालिकाको कृषि शाखामा रहनेछ ।

(७) समितिले गर्ने कुनै कार्य वा कार्यक्रम पनि विवाद आएमा अध्यक्षको मतका आधारमा नै कार्य वा कार्यक्रम सञ्चालन गरिनेछ ।

**६. समितिको काम, कर्तब्य र अधिकार** ः कृषि भूमि ब्यवस्थापन समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ः

(क) कृषि भूमि, किसान तथा कृषि पूर्वाधारहरूको तथ्याङ्क संकलन गरी अभिलेख तयार गर्ने ।

(ख) स्थानीयस्तरमा रहेको कृषियोग्य जमिनको सही ब्यवस्थापनको लागि सहभागिमूलक तवरले आवश्यक नीति तथा योजना तर्जुमा गर्ने गराउने,

(ग) संघीय तथा प्रादेशिक तहबाट पारित गरिएका कृषि नीति तथा ऐनको कार्यान्वयन गर्ने, गराउने ।

(घ) गाउँपालिकाभित्र रहेका कृषियोग्य जमिनको चक्लाबन्दी गरी उत्पादन बढाउन आवश्यक नीति तथा योजना तर्जुमा गर्ने ।

(ङ) कृषियोग्य जमिन चक्लावन्दी गर्ने कृषकलाई प्रोत्साहन गर्न कृषि अनुदानमा प्रथामिकता दिने दिलाउने ।

(च) गाउँपालिकाभित्र रहेका कृषियोग्य जमिनको खण्डीकरण हुनबाट जोगाउन आवश्यक नियन्त्रणमुखी नीति नियम निर्माण गरि आवश्यक कार्यहरू सञ्चालन गर्ने गराउने । कानुनी अनुरूप दण्ड सजायको ब्यवस्था गर्ने गराउने ।

(छ) कृषियोग्य जमिनमा आवश्यक सिंचाई तथा बाटोघाटो निर्माणको लागि आवश्यक कार्य गर्ने गराउने ।

(ज) अन्य प्रयोजनको जग्गालाई आवश्यकता अनुसार कृषियोग्य जमिनमा परिणत गर्न को लागि सिफारिस गर्ने ।

(झ) भूमिहीन तथा साना किसानको कृषि भूमिमा पहुँच अभिवृद्धि गर्न यस ऐनको दफा ८,९ र १० बमोजिमका आवश्यक कार्य गर्ने गराउने ।

(ञ) स्थानीय स्तरमा बीउ, मलको उत्पादन तथा कृषि उत्पादन भण्डारणका लागि चाहिने आवश्यक पूर्वाधारहरू निर्माण गर्ने गराउने ।

(ट) कृषि उत्पादन विक्रिबितरणका लागि आवश्यक पर्ने बजार व्यवस्थापनका लागि जमिन उपलब्ध गर्ने गराउने ।

(ठ) गाउँपालिकाभित्र आवश्यक पर्ने कृषि उत्पादन पूर्वाधार निर्माण तथा किसान हकहित संरक्षणका लागि संघ, प्रदेश, नागरिक समाज तथा किसान अधिकारकर्मीहरूसंग समन्वय तथा सहकार्य गर्ने गराउने । यसका लागि समितिले आवश्यकता अनुरूप बैठक, कार्यशाला वा गोष्ठी सञ्चालन गर्नसक्नेछ ।

(ड) पालिकाभित्र रहेका सरकारी, सार्वजनिक तथा ऐलानी जमिनको संरक्षण तथा व्यवस्थापनका लागि आवश्यक कार्य गर्ने गराउने ।

७. **भूमिको वर्गीकरण गर्ने** : (१) पालिकाले संघीय तथा प्रादेशिक भूमि नीति तथा भूउपयोग नीति समेतलाई आधार बनाई आफ्नो पालिकाभित्रको भूबनोट, क्षमता, उपयुक्तता, मौजुदा उपयोग र आवश्यकता समेतका आधारमा आफ्नो क्षेत्रभित्रको भूमिको देहाय बमोजिम वर्गीकरण गर्नेछ :

(क) कृषि भूमि

(ख) आवासीय क्षेत्र

(ग) व्यावसायिक/व्यापारीक क्षेत्र

(घ) औद्योगिक क्षेत्र

(ङ) खानी तथा खनिज क्षेत्र

(च) वन क्षेत्र

(छ) सांस्कृतिक र पुरातात्विक महत्वको क्षेत्र

(ज) पानी मुहान, नदीनाला र ताल तलैया, सीमसार क्षेत्र

(झ) सामुदायिक, सार्वजनिक उपयोग र खुला चरण क्षेत्र

(ञ) निर्माण सामग्री उत्खनन क्षेत्र (ढुङ्गा, बालुवा, गिट्टी)

(२) उपदफा (१) बमोजिम भूमिको वर्गीकरण गरेपछि कुन क्षेत्रको जग्गा कस्तो वर्गीकरणमा परेको हो त्यसको सूचना स्थानीय राजपत्रमा प्रकाशन गर्नु पर्नेछ । सोको सूचना प्रत्येक वडाको वडा समितिको कार्यालय, पालिकाको कार्यालयमा समेत प्रकाशन गर्नुपर्नेछ । यस्ता सूचना स्थानीय बासिन्दाको जानकारीका लागि सञ्चार माध्यमबाट समेत प्रचार/प्रसार गर्न सकिनेछ ।

(३) पालिकाले यस दफा बमोजिम जुन वर्गमा जमिनको वर्गीकरण गरिएको छ, सोही प्रयोजनका लागि प्रयोग गर्न आवश्यक प्रवर्धनात्मक कार्यक्रम सञ्चालन गर्नेछ ।

**८. कृषियोग्य जमिन बाँझो रहन नदिने** : (१) कृषि भूमि व्यवस्थापन समितिले गाउँपालिकाभित्रको कृषि योग्य बाँझो जमिनमा खेती गर्न प्रोत्साहन गर्ने गरी आवश्यक कार्यक्रम सञ्चालन गरि कृषि योग्य जमिन बाँझो नरहने गरी कार्य गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यक्रममा विभिन्न कारण आँफै कृषि कार्य गर्न नसकिरहेका व्यक्तिको पालिका आफैँले भाडामा लिई कृषक समूह, सुकुम्बासी, भूमिहीन वा अन्य व्यक्तिबाट समेत खेती गराई खेतीयोग्य जमिन बाँझो नराखी उत्पादन बढाउन आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(३) कृषियोग्य जमिन भएका व्यक्ति तथा परिवारले आफ्नो जमिन करार गरी अन्य व्यक्ति तथा संस्थालाई भाडामा दिँदा लिन पाउने भाडादर कृषि भूमि व्यवस्थापन समितिले र वडा अध्यक्षको सिफारिसमा गाउँपालिकाले निर्धारण गर्न सक्नेछ । त्यसको सूचना सार्वजनिक रुपमा प्रकाशन गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम भाडादर निर्धारण गर्दा जग्गाको उर्वरता तथा सम्बन्धित जग्गासंग जोडिएका पूर्वाधार जस्तै सिचाई, बाटोको सुविधा समेतको आधारमा निर्धारण गर्नुपर्नेछ । भाडादर निर्धारण गाउँपालिकामा रहेको कृषि जमिनको सुविधा अनुसार फरक हुनसक्नेछ ।

**९. कृषियोग्य भूमिमा करार खेतीको सुविधा दिने** : (१) कुनै जग्गा धनीले कृषियोग्य जमिनमा आफैँ खेती गर्न नसक्ने भएमा त्यस्तो जमिन दफा ८ को उपदफा (३) बमोजिम निर्धारित भाडा दरमा खेती गर्न इच्छुक कृषक समूह वा कृषकलाई खेती गर्नका लागि करारमा उपलब्ध गराउन सक्नछ । यसको लागि ईच्छुक जग्गाधनीले जमिन गाउँपालिकामा कृषि भूमि व्यवस्थापन समितिको सचिवालयमा दर्ता गर्नेछ । यस्ता जमिनको उपयोगका साना किसान, भूमिहीन किसान, महिला किसान, दलित र आदिवासी जनजाती किसान तथा यी किसानको कृषक समूहलाई पहिलो प्राथमिकता प्रदान गरिनेछ ।

(२) उपदफा (१) बमोजिम बाहेक पालिकामा प्रचलित अधिँया/बटैया खेतीका जग्गा धनी र किसानहरूबीच कुनै विवाद उत्पन्न भए स्थानीय न्यायिक समितिमार्फत त्यस्ता विवादहरूको समाधानको पहल गरिनेछ । कृषि भूमि व्यवस्थापन समितिले गाउँपालिकाभित्र अधिँया/बटैया प्रथालाई निरूत्साहित गर्दै करार वा ठेक्का प्रणालीलाई प्रोत्साहन गरिनेछ ।

(३) यस दफा बमोजिम जग्गा भाडामा लिने कृषक वा कृषक समूह त्यस्तो जग्गामा हानी नोक्सानी पुऱ्याउने तथा उत्पादनशीलता घटाउने प्रकारका कुनै काम गर्न पाउने छैन । जमिनको प्रयोगमा कुनु पनि परिवर्तन गर्नुपरेमा जग्गा-धनीको स्वीकृति लिनुपर्नेछ ।

(४) कृषियोग्य जमिन भाडामा लिनेदिने न्यूनतम् अवधि तथा त्यसका शर्तहरू जग्गा धनी र कृषकको आपसी सम्झौता बमोजिम हुनेछन् । तर यसरी भाडा निर्धारण गर्दा दफा ८ को उपदफा (४) अनुरूप कृषि भूमि व्यवस्थापन समितिले तय गरेको भाडादर सँग मेल हुनुपर्नेछ । कृषि भूमि व्यवस्थापन समितिले यस कार्यका लागि आवश्यक सम्झौताको ढाँचा तथा अन्य आवश्यक कागजातहरू तयार गरी कार्यान्वयनमा ल्याउन सक्नेछ ।

**१०. सरकारी तथा सार्वजनिक कृषियोग्य जमिनको उपयोग** : (१) पालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी,सार्वजनिक वा उपयोगमा आउन नसकेको खाली जमिनलाई कृषि प्रयोजनका लागि न्यूनतम् भाडा लिनेदिने शर्तमा पालिकाभित्रका कृषक तथा कृषि समूहलाई करार गरी प्रदान गर्न सक्नेछ । न्यूनतम भाडाको दर दफा ८ उपदफा (४) बमोजिम कृषि भूमि व्यवस्थापन समितिले तय गर्नेछ ।

(२) उपदफा (१) बमोजिम पालिकाले यस्तो जमिन कृषि कार्यको लागि मात्र प्रदान गर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम करारमा दिंदा साना किसान, भूमिहीन किसान, महिला किसान, दलित र आदिवासी जनजाती किसान वा यीनका समूहलाई प्राथमिकता दिइनेछ ।

**११. ऐलानी जग्गा अतिक्रमण गर्न नपाइने** : (१) कसैले पनि पालिकाभित्र रहेको ऐलानी जग्गा अनधिकृत रूपमा अतिक्रमण गरी जोतभोग वा उपयोग गर्न पाउने छैन ।

(२) कसैले उपदफा (१) विपरीत ऐलानी जग्गा मिचेको, आफ्नो जग्गामा घुसाएको वा अतिक्रमण गरेको पाइएमा स्थानीय तहको न्यायिक समितिले त्यस्तो व्यक्तिबाट सो जग्गा छुटाई पालिकाको मातहातमा ल्याई संरक्षण गर्न सक्नेछ ।

तर यो ऐन प्रारम्भ हुनु अगावै वा परापूर्वदेखि ऐलानी जग्गा जोतभोग गरी जीविकोपार्जन गर्दै आएका किसानको हकमा भने अन्य वैकल्पिक व्यवस्था नहुञ्जेल त्यस्तो जग्गा भोगचलन गर्न दिनबाट बञ्चित गर्न पाइनेछैन ।

**१२. सिँचाइको व्यवस्था** : (१) पालिकाले पालिकाभित्रका सबै खेतीयोग्य तथा कृषि भूमिमा आवश्यकता अनुसारको सिँचाईको प्रवन्ध गर्नेछ ।

(२) सिँचाइको सुविधा उपलब्ध नभएका खेतीयोग्य जमिनमा पालिकाका स्वयंले वा प्रदेश सरकार तथा संघीय सरकारसँग समन्वय गरी सिँचाइ सुविधाको प्रवन्ध गर्नेछ ।

(३) कुलो तथा नहर सञ्चालन हुन नसक्ने कृषि भूमि क्षेत्रमा पालिकाले आवश्यक स्रोत परिचालन मार्फत प्रविधि तथा सीप विकास गरी आकाशे पानी संकलन गरी तथा जमिनमुनिको पानी निकाली वैकल्पिक सिँचाईको व्यबस्थापन गर्नेछ ।

**१३. कृषि भूमि संरक्षण गर्ने** : पालिकाले आफ्नो क्षेत्रभित्रको कृषि भूमि संरक्षणका लागि देहायका कार्यक्रम सञ्चालन गर्नेछ :

(क) कृषि भूमिलाई कृषि बाहेक अन्य जुनसुकै प्रयोजनमा प्रयोग गर्न रोक लगाउने ।

(ख) कृषि भूमिको ऊर्वरता घटाउने तथा मानव स्वास्थ्यलाई गम्भीर असर गर्ने खालका रासायनिक मल वा विषादी प्रयोगलाई निरूत्साहित गर्दै कम्पोस्ट तथा प्राङ्गारिक मलको प्रयोगलाई प्रवर्धन गरी उत्पादन बढाउने ,

(ग) चक्रिय बाली लगाई भूमिको उत्पादकत्वमा वृद्धि ल्याउने ।

(घ) कृषि भूमिलाई बाढी पहिरोबाट जोगाउन आवश्यक निकाश तथा तटबन्ध निर्माण गर्ने वा वृक्षारोपण गर्ने,

(ङ) अन्य कारण कृषि भूमिमा हुनसक्ने कटान तथा क्षयीकरण नियन्त्रण गर्न दीर्घकालिन उपायहरू अवलम्बन गर्ने ।

## परिच्छेद-५

## कृषि व्यवसाय प्रवर्धन सम्बन्धी व्यवस्था

**१३. स्थानीय कृषि व्यवसाय प्रवर्धन समिति** : (१) कृषि क्षेत्रको समग्र विकास तथा प्रवर्धन लगायतका कार्य गर्न गढवा गाउँपालिकाले कृषि व्यवसाय प्रवर्धन समिति गठन गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोजिम सदस्यहरू रहने छन् ।

(क) अध्यक्ष वा निजले तोकेको व्यक्ति– अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

(ग) गाउँपालिकास्तरीय कृषि समितिका संयोजक वा प्रमुख – सदस्य

(घ) गाउँपालिकास्तरीय भूमि अधिकार मञ्चका अध्यक्ष वा प्रतिनिधि – सदस्य

(ङ) गाउँपालिकास्तरीय कृषक समूह वा राष्ट्रिय कृषक महासंघका अध्यक्ष वा प्रतिनिधि – सदस्य

(च) साना किसान कृषि सहकारी सञ्जालले तोकेको प्रतिनिधि – सदस्य

(छ) गाउँपालिकास्तरीय कृषि सहकारी संस्थाले तोकेको प्रतिनिधि – सदस्य

(ज) समितिले मनोनयन गरेको महिला उद्यमीहरू मध्येबाट एकजना – सदस्य

(झ) समितिले मनोनयन गरको व्यवसायिक किसान मध्ये एक जना महिला – सदस्य

(ञ) उद्योग बाणिज्य संघका प्रतिनीधि – सदस्य

(ट) गाउँपालिकाको कृषि अधिकृत– सदस्य सचिव

(ठ) कृषि विषय विज्ञ (विषय अनुसार) – सदस्य

**१४.समितिको काम, कर्तव्य र अधिकार** : यस कृषि व्यवसाय प्रर्वधन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) स्थानीयस्तरमा कृषि व्यवसाय प्रवर्धन गर्न आवश्यक योजना तर्जुमा गर्ने,

(ख) कृषि व्यवसाय प्रवर्धन गर्न सङ्घीय, प्रादेशिक तह, निकाय तथा कृषक, कृषि अधिकारकर्मीहरूसँग समन्वय र सहकार्य गर्ने,

(ग) कृषि व्यवसाय प्रवर्धन गर्न आवश्यक पर्ने सीप, प्रविधि तथा अन्य आवश्यक विषयको उचित व्यवस्था गर्न प्रवर्धनात्मक कार्यहरू गर्ने,

(घ) कृषि व्यवसाय प्रवर्धन तथा किसान सशक्तिकरण कोषको सञ्चालन गर्ने,

(ङ) कृषि ऋण उपलब्ध गराउनका लागि वित्तीय संस्थाहरूलाई सो संस्थाको नियम प्रतिकूल हुने भए समितिको अध्ययनले उचित ठहरिएका किसानहरूको हकमा कार्यपालिकामा सिफारिस गर्ने,

(च) कृषि सहकारी, कृषि फर्म र कृषक समेतलाई प्रोत्साहित गर्न कार्य मूल्याङ्कनका आधारमा उत्कृष्टताको सिफारिस गर्ने,

(छ) कृषि फर्म, पशुपालन, दुग्ध उत्पादन, मौरी पालन, माछा पालन तथा रैथाने बीउ, प्रविधि एवं ज्ञान संरक्षण लगायतका विषयमा आवश्यक कार्य गर्ने गराउने ।

(ज) कृषि व्यवसाय प्रवर्धनका लागि उपलब्ध गराइएका सेवा, सुविधाहरूको प्रयोगको अनुगमन मूल्याङ्कन गरी अभिलेख राख्ने ।

(झ) कृषि बजार, संकलन केन्द्र वा गाउँपालिकाबाट कृषि प्रर्वधनका लागि निर्माण भएका पूर्वाधारको व्यवस्था र नियमित सञ्चालन गर्ने

(ञ) तोकिए बमोजिमका अन्य आवश्यक कार्य गर्ने ।

**१५. कृषि तथा पुशपालन व्यवसायलाई अनुदान तथा सुविधा दिने** : (१) गाउँपालिकाले कृषि व्यवसाय तथा पशुपालनका लागि भूमिहीन, साना, महिला, दलित तथा जनजाति किसानलाई प्राथमिकताका आधारमा देहाय बमोजिम अनुदान तथा छुट तथा सुविधा दिन सक्नेछ :

(क) कृषि उपजमा स्थानीय कर निकासी शुल्कमा छुट,

(ख) कृषि तथा पशुपालन व्यवसाय प्रवर्धन सम्बन्धी प्रविधिको प्रयोग र विस्तारमा अनुदान जस्तै : ढुवानी साधन, यान्त्रिक उपकरण, हाट बजार, संकलन केन्द्र र शितभण्डारण केन्द्र आदि ।

(ग) कृषि तथा पशुपालन (कार्यका लागि किसानहरूलाई सिफारिस दिंदा लाग्ने दस्तुरमा मिनाहा दिन सकिनेछ ।

(घ) परम्परागत कृषि औजार निर्माण गर्ने किसानलाई अनुदान प्रदान गर्ने तथा व्यवसाय दर्तामा छुट ।

(ङ) गाउँ भित्र नमूनाका रूपमा कृषि पेशामा संलग्न भएका महिला कृषकहरूलाई प्रोत्साहन गर्न गाउँपालिकाले तोकिए बमोजिम आवश्यक महिला मैत्री यन्त्र, उपकरण, बजार व्यवस्थापन, अनुदान लगायतका सुविधाहरू उपलब्ध गराउन सक्नेछ ।

**१६. कृषि ऋण** : (१) पालिकाभित्रका कृषकहरूलाई आफूसंग भएको वा करारमा तथा लिजमा लिएको जमिनमा खेती गर्न, कृषि औजार तथा सामाग्री तथा पशुपन्छी खरिद गर्ने प्रयोजनको लागि लगानी गर्न आवश्यक पर्ने रकम बिना धितो वा धितो सहित सहुलियत ब्याजदरमा ऋण स्वरूप उपलब्ध गराउन गाउँपालिकाले बैंक वा वित्तीय संस्थामा सिफारिस गर्न सक्नेछ । यसरी ऋण उपलब्ध गराउँदा गाउँपालिका अर्न्तगतको कृषि व्यवसाय प्रर्वधन समितिले बैंक जमानतको कार्य समेत गर्न सक्नेछ ।

(२) किसानहरूलाई कृषि ऋण उपलब्ध गराउने प्रयोजनका लागि बैंक तथा वित्तिय संस्थाले सुहलियत सहितका किसान क्रेडिट कार्ड जस्ता विभिन्न योजनाहरू तय गरी सञ्चालन गर्न सक्नेछन् ।

तर यसरी बनाएका योजनाहरू वित्तिय संस्थाले गाउँपालिकाको पूर्व स्वीकृतिपछि मात्रै लागू हुनेछन्।

## परिच्छेद-६

## किसान तथा कृषि उत्पादनको वर्गीकरण र व्यावसायिकरण

**१७. किसानको वर्गीकरण** : (१) गाउँपालिकाले किसानहरूको जीविकोपार्जन तथा कृषिको दिगो विकासका लागि परिभाषा खण्डमा उल्लेख भए अनुरूप देहाय बमोजिम किसानको वर्गीकरण गर्नेछः

(क) भूमिहीन किसान : गाउँपालिकाभित्रका कृषि पेशामा आश्रित तर आफ्नो वा आफ्नो परिवारको नाममा नेपाल राज्यभर कृषि प्रयोजनका लागि कुनै जमिन नभएका किसानलाई यस वर्गमा राखिनेछ ।

(ख) साना किसान : वार्षिक अधिकतम् ३ कठ्ठा (०.१ हेक्टर) देखि १५ कठ्ठा (०.५ हेक्टर) सम्म कृषियोग्य जमिनमा खेती गर्ने किसान र बजारमा कहिले काहीं आफ्नो उत्पादन बिक्री गर्ने किसानलाई यस वर्गमा राखिनेछ ।

(ग) मध्यम किसान : वार्षिक १५ कठ्ठा (०.५ हेक्टर) भन्दा माथि देखि ४४ कठ्ठासम्म (१.५ हेक्टर) सम्म केषियोग्य जमिनमा खेती गर्ने तथा आफ्नो उत्पादन निरन्तररूपमा बजारमा बिक्री गर्ने किसानलाई यस वर्गमा राखिनेछ ।

(घ) व्यवसायिक वा ठूला किसान : मूलतः बजारका लागि उत्पादन गर्ने वा कृषियोग्य जमिनमा खेती गर्ने वा पशुपन्छी पालन गर्ने व्यक्ति वा गाउँपालिकाले तोकेको सङ्ख्याभन्दा बढी सङ्ख्यामा पशुपन्छी पालन गर्ने किसानलाई यस वर्गमा राखिनेछ ।

**१८.कृषि उत्पादनको वर्गीकरण** : (१) गाउँपालिकाले आफ्नो पालिका क्षेत्रभित्रको कृषि उत्पादनलाई देहाय बमोजिम वर्गीकरण गरिनेछ ।

(क) अन्न बाली : सबै प्रकारका अन्न बालीहरू,

(ख) तरकारी बाली : सबै प्रकारका तरकारीबालीहरू,

(ग) फलफूल बाली : सबै प्रकारका फलफूलहरू,

(घ) पशुजन्य उत्पादन : दूध, मासु, बीउ तथा प्राङ्गारिक मल उत्पादनका लागि गाईगोरू, भैंसी, खसी, बाख्रा, वंगूर, भेडा लगायत सबै प्रकारका घरपालुवा पशुपालन,

(ङ) पन्छीजन्य उत्पादन : मासु, अण्डा, बीउ तथा मलका लागि कुखुरा, हाँस, बट्टाई, अष्ट्रिच, टर्की आदि सबै प्रकारका पन्छीाहरूको पालन,

(च) माछापालनः मासु तथा बीउ उत्पादन प्रयोजनका लागि सबै प्रकारका माछा पालन,

(छ) फूल खेती : पालिकाभित्र तथा पालिका बाहिर आपूर्ति समेतका लागि आवश्यक पर्ने फूल (पुष्प) खेती,

(ज) मसलाजन्य उत्पादनः पालिकाभित्र उत्पादन सम्भव हुने सबै प्रकारका मसलाजन्य वस्तु,

(झ) जडिबुटी उत्पादनः आयुर्वेद तथा आधुनिक चिकित्सा पद्धतीलाई आवश्यक पर्ने सम्भव भएसम्मका सबै प्रकारका जडिबुटी,

(ञ) नर्सरी खेतीः समुदायलाई आवश्यक पर्ने रूख, विरूवा तथा नयाँ प्रविधिद्धारा विभिन्न प्रकारका विरूवाहरू उत्पादन (त्ष्ककगभ ऋगतिगचभ०

(ट) एग्रोफरेष्ट्री (ब्नचय ँयचभकतचथ० सञ्चालन

## परिच्छेद-७

## कृषि तथा पशुपन्छी पालन सम्बन्धि प्राबिधिक ज्ञान, सीप, सूचना सम्बन्धी व्यवस्था

**२०. कृषि तथा पशुपन्छीपालनका लागि प्राविधिक तथा सूचना केन्द्रको स्थापना** : (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र कुनै पनि स्थानमा कृषि तथा पशुपन्छीपालनका लागि प्राविधिक सहितको सूचना केन्द्र स्थापना गर्न सक्नेछ ।

(२) गाउँपालिकाको कृषि तथा पशुपन्छी विकास शाखा उपदफा (१) बमोजिमको सूचना केन्द्रको रूपमा रहनेछ ।

**२१. सूचनामा पहुँच सुनिश्चित गर्ने** : गाउँपालिकाले कृषकहरूमा कृषि सम्बन्धी सूचनाको पहुँच स्थापना गर्नका लागि देहाय बमोजिम कार्य गर्न सक्नेछन् :

(क) कृषि तथा पशुपन्छी विकासको लागि पालिकाबाट तय गरिएको योजना तथा विनियोजित बजेटबारे प्रत्येक टोल तथा वडामा योजना पारित भएको १५ दिनमा सूचना टाँस गरिनेछ।

(ख) कृषि तथा पशुपन्छी सम्बन्धि सूचना सहज प्रवाहको लागि गाउँपालिकाको कृषि फाँटमा कृषि सूचना अधिकारीको व्यवस्था गर्नेछ । गढवा गाउँपालिकाको कृषि तथा पशुपन्छी विकास शाखाको प्रमुख सूचना अधिकारीको रुपमा चयन गरिनेछ ।

(ग) स्थानीय टेलिभिजन वा रेडियो मार्फत मासिक कृषि कार्यक्रम प्रशारण गरिनेछ ।

**२२. प्राविधिक ज्ञान सीपको बृद्धि गर्ने** : कृषकहरूको प्राविधिक ज्ञान सीप वृद्धिका लागि गाउँपालिकाले देहाय बमोजिम कार्य गर्नेछन् :

(क) गाउँपालिकाले कृषि तथा पशुपन्छीपालनलाई व्यवसायिक रूपमा प्रवर्द्धन गर्न प्रत्येक वडा कार्यालयमा कृषि तथा पशु प्राविधिकको व्यवस्था गर्नेछ ।

(ख) कृषि व्यवसायिकरण तथा पशुपन्छीपालनको लागि प्राविधिक तथा कृषकलाई प्राविधिक ज्ञान र सीप विकास सम्बन्धी तालिमको व्यवस्था गरिनेछ ।

(ग) कृषि तथा पशुपन्छी विकासको लागि आधुनिक कृषि तथा पशुपन्छीपालन व्यवसायलाई सहज तथा सरल वनाउन कृषि यान्त्रीकरणलाई प्रोत्साहन गरिनेछ ।

(घ) प्रत्येक गाउँमा कृषक समूह गठन गरी कृषकहरूको सिकाई आदान प्रदान वडा स्तरमा गरिनेछ । कृषक समूह सञ्चालन तथा विकासका लागि कृषकहरूबाट कोषको स्थपना गरिनेछ ।

२३. **कृषि पाठशाला सञ्चालन** ः गढवा गाउँपालिकाभित्रका कृषकहरूको कृषि सम्बन्धी प्राविधिक ज्ञान सीप क्षमता विकासको लागि प्रत्येक गाउँमा कृषि पाठशाला सञ्चालन गरिनेछ ।

२४. **कृषि क्लब स्थापना तथा सञ्चालन** ः पालिकाभित्रका कृषकहरूले कृषि सम्बन्धमा हाँसिल गरेका ज्ञान एक आपसमा आदान प्रदान गर्ने उद्देश्यले कृषि क्लबको स्थापना गरी नियमित रूपमा सम्वाद गरी सञ्चालनमा ल्याइनेछ ।

२५. **कृषि ज्ञान केन्द्रको स्थापना** ः पालिकाभित्र एक कृषि ज्ञान केन्द्र (पुस्तकालय) को स्थापना गरी सञ्चालनमा ल्याइनेछ ।

२६. **कृषक पुरस्कार** ः मेहनतका साथ कृषि कर्म गरी पालिकाको कृषि क्षेत्रको विकासमा योगदान पुऱ्याउने कृषकहरूमध्येबाट छनौट गरी हरेक वर्ष १(एक) जनालाई पुरस्कृत गरिनेछ । पुरस्कारको राशी पालिकाले तय गरे बमोजिम हुनेछ ।

## परिच्छेद-८

## बीउ बीजन, मलखाद तथा किटनाशक बिषादी सम्बन्धी व्यवस्था

२७. **बीउबीजन, मलखाद तथा किटनाशक विषादीको उपलब्धता** ः (१) पालिका क्षेत्रभित्र आवश्यक पर्ने बीउबीजन, मलखाद तथा किटनाशक विषादी उत्पादन तथा आयात गरी भण्डारण गर्ने व्यवस्था गरिनेछ ।

(२) उपदफा (१) बमोजिम उत्पादन तथा भण्डारण भएको बीउ बीजन, मलखाद तथा किटनाशक विषादी कृषकहरूलाई प्रत्येक वडाले उपलब्ध गराइने व्यवस्था मिलाइनेछ ।

(३) बीउ बीजन उत्पादन पकेट क्षेत्र विस्तार गरी स्थानीय वा रैथाने बीउबीजनको संरक्षण गरिनेछ ।

(४) मानव स्वास्थ्यमा असर पार्ने तथा उत्पादनशीलतामा ह्रास ल्याउने खालका तथा प्रयोग नगर्नु नगराउनु भनी मान्यताप्राप्त निकायबाट प्रमाणीकरण गरिएका बीउ बीजन, मलखाद तथा विषादीको प्रयोगलाई निरूत्साहित गरिनेछ ।

(५) रासायनिक मल तथा किटनाशक विषादीलाई निरूत्साहित गर्दै जैविक तथा अर्गानिक खेती प्रविधिलाई प्रोत्साहन गरिनेछ ।

(२) बीउ बीजन, मलखाद तथा विषादीको अनाधिकृत तथा मनोमानी खरिदबिक्रीको नियन्त्रणका लागि नियमित रूपमा बजार अनुगमन गरिनेछ ।

## परिच्छेद-८

## अनुदान, बिमा तथा कोष सम्बन्धि व्यबस्था

**२७. अनुदानको व्यवस्था गर्ने :**

(१) कृषि तथा पशुपालन व्यवसाय प्रवर्धन गर्नका लागि सहुलियतका कार्यक्रम सञ्चालन गरिनेछ । । गढवा गाउँपालिका कृषि तथा पशुपन्छी विकास शाखाले “अनुदानका लागि कृषक छनौट” कार्यविधि निर्माण गरि अनुदान कार्यलाई व्यवस्थित गर्नेछ । यस्तो सहुलियत प्रदान गर्दा कृषक परिचय पत्रलाई पनि आधारमानी अनुदान वितरण गरिनेछ ।

(२) कृषि तथा पशुपालन गर्न पालिकामा समूह वा फर्म दर्ता भई व्यवसाय सञ्चालन गर्दै आएका वा गर्न ईच्छुक उद्यमीहरूलाई प्रोत्साहन गर्न अनुदान कार्यक्रम लागू गरिनेछ ।

(३) उप-प्रमुखको संयोजकत्वमा कृषि विकास समितिका अध्यक्ष, कृषि तथा पशुपन्छी विकास शाखाका प्रतिनिधी, र कृषि व्यवसाय प्रवर्धन समितिका प्रतिनिधी गरि बढिमा ५ जनाको वार्षिक रूपमा अनुगमन समूह गठन गरिनेछ । यस समूहले हरेक वर्षको कार्यक्रम तथा योजना तर्जुमामाका लागि अघिल्लो वर्षको अनुदान सहयोगको उपयोगको समिक्षा गरि प्रतिवेदन गाउँ सभामा पेश गर्नेछ ।

(४) यस अनुगमन समूहको प्रतिवेदनको आधारमा गाउँपालिकाले अनुदान कार्यक्रमहरू तय गर्नसक्नेछन्।

**२८. कृषि तथा पशुपन्छी बिमा सम्बन्धी व्यवस्था गर्ने :** (१) यस पालिकाका हरेक कृषकले आफ्नो कृषि बाली तथा पशुपन्छीको बीमा गर्न सक्नेछन् ।

(२)कृषि उत्पादन तथा पशुपन्छीको बिमा गर्ने कार्य गाउँपालिकासंगको समन्वयमा बिमा कम्पनीहरूबाट हुनेछ ।

(३) बिमा गर्ने प्रक्रियाबिमा समितिले निर्धारण गरेको कार्यविधि बमोजिम हुनेछ ।

(४) बिमा सम्बन्धी कृषक तथा बिमा कम्पनीबीच कुनै विवाद उत्पन्न भएमा विवाद समाधानका लागि गाउँपालिकाले सहजिकरण गर्न सक्नेछ ।

**२९. कृषि प्रवर्धन तथा किसान सशक्तिकरण कोषको स्थापना :** (१) कृषि तथा पशुपालन व्यवसाय प्रवर्धन गर्नका लागि एक छुट्टै कृषि व्यवसाय प्रवर्धन तथा किसान सशक्तिकरण कोषको स्थापना गरिनेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना हुने कोषमा देहाय बमोजिम रकम प्राप्त हुनेछ ।

(क) संघीय तथा प्रादेशिक सरकारबाट प्राप्त रकम

(ख) गाउँपालिकाबाट प्राप्त रकम

(ग) नेपाल सरकारबाट विदेशी सरकार, अन्तराष्ट्रिय सङ्घ संस्थासँग सम्झौता गरी स्थानीय तहमा विनियोजित प्राप्त रकम

(घ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (१) का खण्ड (ग) बमोजिमको रकम प्राप्त गर्नु अघि सङ्घीय अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

**३०. कोषको सञ्चालन** : (१) कृषि व्यवसाय प्रर्वधन समितिको सिफारिसमा गाउँ कार्यपालिकाको निर्णयले कोषको सञ्चालन देहायका कार्यका लागि गरिनेछ ।

(क) कृषि तथा पशुपालन व्यवसाय प्रवर्धन गर्न,

(ख) कृषि तथा पशु उत्पादनका बजार प्रवर्धन गर्न,

(ग) कृषि तथा पशुसेवा सम्बन्धी प्राविधिक उत्पादन गर्न,

(घ) जैविक खेतीको विस्तार तथा प्रवर्धन गर्न,

(ङ) स्थानीय नश्लका पशुपन्छीको संरक्षण र विस्तार गर्न,

(च) कृत्रिम गर्भाधानद्वारा उन्नत नश्लका विकास र विस्तार गर्न,

(छ) माटो परीक्षण तथा उत्पादकत्व संरक्षण गर्न,

(ज) कृषि तथा पशुपन्छी क्वारेण्टाईनको सञ्चालन गर्न,

(झ) कृषि तथा पशुपालन क्षेत्रमा अध्ययन, अनुसन्धान गर्न,

(ञ) बाली तथा पशुपन्छी बिमा प्रवर्धन तथा विस्तार गर्न,

(ट) कृषि तथा पशुपालन क्षेत्रमा आवश्यक अनुदान उपलब्ध गराउन,

(ठ) व्यवस्थित कृषि बजार तथा पशुबधशाला निर्माण गर्न,

(ड) कृषि तथा पशुपालन सम्बन्धी तालिम तथा शिक्षा विस्तार गर्न,

(ढ) अनुगमन तथा मूल्याँकन सम्बन्धी कृयाकलाप सञ्चालन गर्न,

(ण) तोकिएका अन्य कार्य गर्न ।

(२) गाउँपालिकाको नीति, कानून तथा निर्देशन बमोजिम कृषि व्यवसायको प्रवर्धन गर्नका लागि कोषको रकम खर्च गरिनेछ ।

## परिच्छेद-१०

## कृषि भण्डारण तथा प्रशोधन सम्बन्धी व्यवस्था

### ३१. कृषि उपजको भण्डारण र प्रशोधनको व्यवस्था गर्ने :

(१) गाउँपालिका क्षेत्रभित्र कृषि उपजको भण्डारण तथा प्रशोधनको भौतिक पूर्वाधारहरू निर्माण गरी सहुलियत दरमा सञ्चालनमा ल्याइनेछ । यसका लागि गाउँपालिकाले गाउँपालिकामा दर्ता भएका कृषि सहकारीसँग समन्वय गरी संयुक्तरूपमा संकलन केन्द्र तथा अन्य भौतिक पूर्वाधारहरू निर्माण गर्नसक्दछ ।

(२) सामाग्रीको भण्डारण गरेको बापत लाग्ने शुल्क निर्धारण कृषि व्यवसाय प्रर्वधन  समितिले गर्नेछ ।

(३) कृषि व्यवसाय प्रर्वधन समितिले कृषि उपज संकलन केन्द्र तथा अन्य भौतिक पूर्वाधारहरूको व्यवस्थापन गर्नेछ ।

(४) पालिकाभित्र उत्पादित कृषिजन्य कच्चा पदार्थ विभिन्न औधोगिक क्षेत्रमा निर्यात गर्न आबस्यक प्रबन्ध मिलाईनेछ ।

(५) कृषि व्यवसाय प्रर्वधन समितिको सिफारिसमा पालिकाभित्र आवश्यकता अनुरूपको उत्पादन केन्द्रित प्रशोधन केन्द्र स्थापना गरिनेछ । (जस्तै चामल, मकै वा अन्य)

## परिच्छेद-११

## कृषि बजार प्रणाली व्यबस्थापन तथा प्रर्वद्धन

**३२. कृषि बजार र संकलन केन्द्रको स्थापना गर्ने** : (१) पालिकाले आफ्नो क्षेत्रभित्र कृषि उत्पादन बिक्रीका लागि सहभागितामूलक तवरले उपयुक्त  स्थानमा कृषि बजार वा कृषि संकलन केन्द्रको स्थापना गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गढवा गाउँपालिकामा दर्ता भएको कुनै पनि कृषि सम्बन्धी सहकारी, कृषक समूह वा कृषि सम्बन्धी व्यवसायिक संस्थाले गाउँपालिकाको अनुमति लिइ कृषि बजार वा संकलन केन्द्र स्थापना गर्न सक्नेछ ।

(३) कृषि बजारको वर्गीकरण देहाय बमोजिम हुनेछ :

(क) थोक बजार,

(ख) खुद्रा बजार,

(ग) हाटबजार,

(घ) गाउँपालिका, सहकारी, र कृषक समूहको संयुक्त हाट बजार (सहकारितामा आधारित हाटबजार)

(ङ) सङ्कलन केन्द्र

(४) उपदफा (१) बमोजिमका बजार सञ्चालन र व्यवस्थापन वापत लाग्ने शुल्क गाउँ सभाले तोके बमोजिम हुनेछ ।

(५) उपदफा (१) र (२) बमोजिम स्थापना भएको कृषि बजार वा संकलन केन्द्रमा दफा ३५ बमोजिम तोकिएको कृषि उपजको न्यूनतम सर्मथम मूल्यमा मात्र बिक्री हुनेछ ।

(६) बजार सञ्चालन सम्बन्धी अन्य व्यवस्था कार्यपालिकाले तोके बमाजिम हुनेछ ।

**३३. कृषि बजार सञ्चालन तथा व्यवस्थापन समिति** : (१) यस ऐनको दफा ३२ बमोजिम स्थापना भएको कृषि बजार तथा संकलन केन्द्रको सञ्चालन तथा व्यवस्थापन गर्न पालिकाले कृषि बजार व्यवस्थापनको गठन गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोजिम सदस्यहरू रहने छन् ।

(क) कृषि शाखा प्रमुख – अध्यक्ष

(ख) कृषि क्षेत्र हेर्ने गाउँ कार्यपालिकाको सदस्य – सदस्य

(ग) समितिले मनोनयन गरको ब्यवसायिक महिला किसान मध्ये एक जना – सदस्य

(घ) समितिले मनोनयन गरको अगुवा साना किसान मध्ये एक जना – सदस्य

(ङ) समितिले मनोनयन गरेको पालिका भित्रको कृषि सहकारी सञ्जालका प्रतिनिधि – सदस्य

(च) उद्योग बाणिज्य संघका प्रतिनिधि – सदस्य

(छ) कृषि विषय विज्ञ (विषय अनुसार) – सदस्य

(ज) गाउँपालिकाको कृषि प्राविधिक सुब्बा (प्रा.स.) – सदस्य सचिव

(३) कृषि बजार सञ्चालन तथा ब्यवस्थापन समिति सम्बन्धी अन्य ब्यवस्था तोकिए बमोजिम हुनेछ ।

**३४. कृषि उपजको आयात तथा निर्यात** : (१) पालिकाभित्र उत्पादन भएका कृषि उपजहरूको बार्षिक तथ्याङ्कको फाराम कृषि शाखाले बनाई किसान मार्फत भर्न लगाई अभिलेख राख्नुपर्नेछ । यस्तो तथ्यांक त्रैमासिक रूपमा कृषि शाखाले कृषि बजार सञ्चालन तथा ब्यवस्थापन समिति र गाउँपालिकामा पेश गरि १५ दिन भित्र सार्वजनिक गर्नुपर्नेछ ।

(२) कृषि बजार सञ्चालन तथा ब्यवसथापन समितिले पालिकामा बचत भएको कृषि उपजलाई अन्यत्र निकासी गर्न चाहिने आवश्यक प्रवन्ध गर्नेछ ।

(३) पालिकाका नागरिकलाई आवश्यक पर्ने अन्य कृषि उपज पालिकाभित्र निर्यात गर्ने ब्यबस्था समेत कृषि बजार सञ्चालन तथा ब्यबस्थापन समितिले मिलाउनेछ ।

(४) कृषि उपज आयात निर्यातको ब्यवस्थापनका लागि पालिकाले सरोकारवालाहरूसंगको सहकार्यमा कृषि यातायात/एम्बुलेन्स सञ्चालनमा ल्याई सुहलियत दरमा कृषकहरूलाई प्रयोग गर्न दिन सक्नेछ।

(५) कृषि बजार ब्यवस्थापन तथा सञ्चालन समितिले त्रैमासिक रूपमा कृषक, ब्यापारी र बजारसँग सम्बन्धित अन्य सरोकारवाला निकायहरूसँग बैठक बोलाउन सक्नेछ ।

**३५. कृषि उत्पादनको न्यूनतम् सर्मथन मूल्य तोक्ने** :

(१) यस ऐन अर्न्तगत गढवा गाउँपालिकाले कृषि उपजको न्यूनतम् सर्मथन मूल्य तोक्न सक्नेछ । यसरी मूल्य तोक्दा किसान, कृषि अध्ययन तथा अनुसन्धान केन्द्र, सहकारी, र पालिकाभित्र कार्यरत संघ संस्थाको पालिकाले सहयोग लिन सक्नेछ ।

(२) कृषि बजार ब्यवस्थापन समिति तथा कृषि ब्यवसाय प्रर्वधन समितिको संयुक्त सिफारिसमा गढा गाउँपालिकाको कार्यपालिकाले मौसम अनुरूप कृषि उपजको न्यूनतम् सर्मथन मूल्य तोक्नेछ ।

(३) न्यूनतम सर्मथन मूल्यको मापदण्ड गढवा गाउँपालिकाको कार्यपालिकाले तोकिए बमोजिम हुनेछ ।

**३६. कृषि बजार वा संकलन केन्द्रका ब्यापारीहरूलाई दर्ता गर्ने ः**

(१) गढवा गाउँपालिकाले कृषि उत्पादनको न्यूनतम् सर्मथन मूल्यको उचित कार्यान्वयनका लागि पालिकाबाट सञ्चालित कृषि बजारमा ब्यापार गर्ने कृषि ब्यापारीहरू लाई गाउँपालिका भित्र अनिवार्यरूपमा दर्ता गर्नेछ ।

(२) कृषि बजारभित्र ब्यापार गर्न ईच्छुक सबै कृषि ब्यवसायी अनिवार्यरूपमो पालिकामा दर्ता हुनुपर्नेछ।

(३) उपदफा (१) बमोजिम कृषि ब्यापारी दर्ताको सम्पूर्ण प्रक्रिया कृषि बजार सञ्चालन तथा ब्यवस्थापन समितिका सदस्य सचिवले गर्नेछन् ।

(४) यो ऐन लागू भएपछि गढवा गाउँपालिकाभित्र र बाहिरका कृषि ब्यवसायीहरू देहाय बमोजिमको प्रकृया पूरा गरी कृषि ब्यवसायीको रूपमा दर्ता हुन सक्नेछन् ।

(क) कृषि ब्यवसायीको नाम, थर, वतन  र नागरिकता

(ख) कृषि बजारभित्र सञ्चालन गर्न चाहेको कृषि ब्यवसायको योजना

(ग) कृषि ब्यवसाय नेपाल सरकारमा दर्ता भएको सोको नक्कल वा स्थायी लेखा नम्बर परिचय पत्रको नक्कल

(५) पालिकाले यसरी दर्ता भएका कृषि ब्यवसायीसँग सम्झौता गरी न्यूनतम् सर्मथन मूल्य लागू गर्न सक्नेछ ।

(६) दर्ता भएका कृषि ब्यवसायीले कृषि बजार वा संकलन केन्द्रभित्र किसानसँग कृषि उपज खरिद गर्दा पालिकाद्धारा तोकिएको न्यूनतम् सर्मथन मूल्यमा नै खरिद गर्नुपर्नेछ । न्यूनतम् समर्थन मूल्य भन्दा कममा खरिद गर्न पाउने छैन ।

**३७. पशु बधशालाको स्थापना तथा सञ्चालन ः**

(१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको पशुबधशाला स्थापना गर्न उपयुक्त स्थान पहिचान गरी सञ्चालनमा ल्याउन सक्नेछ ।

(२)पशुपन्छी सम्बन्धी सहकारी वा ब्यवसायिक संस्थाले गाउँपालिकाको अनुमति लिई पशु बधशाला स्थापना गर्न सक्नेछ ।

(३) गाउँपालिकाले सहकारी वा ब्यवसायिक संस्थासँग सार्वजनिक निजी साझेदारीमा पशुबधशाला स्थापना गरी सञ्चालन गराउन सक्नेछ ।

(४) पशु बधशाला सञ्चालनको मापदण्ड सम्बन्धित सरोकारवाला समेतको प्रतिनिधित्वमा दफा ३३ बमोजिम गठित समितिले बनाई अनुगमन समेत गर्नेछ ।

## परिच्छेद-१२

## दिगो कृषि तथा जैविक विविधता संरक्षण सम्वन्ध

**३९.गढवा गाउँपालिकामा रहेका पानी मुहान, पोखरी, नदीनाला, सिञ्चाई कूलो संरक्षण** : स्थानीय तहमा प्राकृतिक रूपमा रहेका पानीको मुहान, पोखरी, नदीनाला, परम्परागत कूलो बाँध मर्मत सम्भार र जिर्णोद्धार गरी सिञ्चाई र खानेपानीका लागि सञ्चालनमा ल्याईनेछ । यस्ता सिञ्चाई प्रवर्धनमा बिद्युतीय तथा सौर्य उर्जाको प्रयोगमा जोड दिईने छ ।

**४०.जलवायु अनुकुलन, जैविक विविधता र वातावरणको संरक्षण** : (१) जलवायु अनुकुलनका लागि उपयुक्त प्रविधिको विकासमा जोड दिईनेछ साथै स्थानीय बिपद जलबायु उत्पादनशील योजना बनाई लागू गरिने छ । प्राकृतिक पहिचान भएका वाली बोटविरूवाहरू वनस्पति तथा बीउ बीजनको अनुवंशहरू, जीवहरूको संरक्षण, सम्वर्धन, प्रर्वधन र जलवायु अनुकूलन गर्ने दायित्व र कर्तब्य स्थानीय तहको हुनेछ ।

(२) उपदफा (१)बमोजिम संरक्षण, सम्वर्द्धन तथा प्रवर्द्धन गर्दा र जमिनको प्रयोग गर्दा वातावरणमा कुनै किसिमको फेरवदल हुने वा असर पार्ने कार्य गरिनेछैन । वातावरणलाई दिगो रूपमा संरक्षण गर्नु पर्नेछ ।

**४१. कृषि पर्यटन** : पर्यटन प्रवर्धन हुने गरी ब्यवसायिक कृषि सञ्चालन गर्न गाउँपालिकाले प्रोत्साहन गर्नेछ । कृषि तथा पशुको स्रोत केन्द्र विकास गर्दा पर्यटन प्रवर्धन हुने गरी सञ्चालन गर्नु पर्नेछ । गढवा गाउँपालिकाले कृषि पर्यटन प्रवद्धन गर्न पालिकाभित्र नमुना कृषि पर्यटन स्थल घोषणा गर्नेछ।

**४२. कृषि वन प्रणालीको विकास** : (१) जलवायु तथा पर्यावरणीय क्षेत्रमा आएको फेरवदल र बढ्दो खाद्यान्नको मागको वर्तमान अवस्थालाई दृष्टिगत गरि एकिकृत कृषि ब्यवसाय अपनाउन र वातावरण तथा वनस्पतिको संरक्षण गर्दै खाद्यान्न उत्पादन बढाउन पातलिएको वनमा स्थान विषेश वाली तथा फलफूलको खेती विकाश गरि खाद्यान्न, फलफुल तथा नगदेवाली र घाँस खेती विकास गरिनेछ ।

(२) उपदफा (१) बमोजिम पातलिएको वनमा कृषि खेतीको लागि इच्छुक ब्यक्ति वा फर्मलाई निश्चित अवधि तोकी कवुलियत गरि वन दिन सकिनेछ ।

(३) उपदफा (२) बमोजिम कवुलियत गर्न उपयुक्त वनमा कृषि खेती गर्ने ब्यक्ति वा फर्मले वनमा विद्यमान रहेको वातावरणलाई कुनै प्रतिकुल असर नपुर्‍याउने गरि र सो प्रयोग गरे वापत वार्षिक रूपमा तोकिए बमोजिम गाउँपालिकालाई शुल्क बुझाउने गरी दिन सकिनेछ ।

**४३. माटो परीक्षणको ब्यबस्था** : पालिकाभित्रको बिभिन्न स्थानमा कृषि पकेट क्षेत्र छुट्याउनु अगाडि माटो परीक्षणको ब्यबस्था गरिनेछ ।

## परिच्छेद-१३

## ऐनको पालना तथा गुनासो व्यवस्थापन

**४४.ऐनको पालना** : यस पालिकाको कृषि प्रवर्धन तथा किसान सशक्तिकरण गरी पालिकाको दिगो विकास गर्नका लागि प्रस्तुत ऐनमा भएका सबै व्यवस्थाको सम्मान तथा पालना गर्नु सबै सरोकारवालाको कर्तव्य हुनेछ । कसैले पनि ऐन विपरीत कार्य गर्न दिईनेछैन ।

**४५. गुनासो व्यवस्थापन** : (१)प्रस्तुत ऐन कार्यान्वयन सम्बन्धमा कुनै गुनासो उत्पन्न भएमा गुनासो सुन्ने अधिकारी पालिकाले नियुक्त गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको गुनासो अधिकारीले सम्बन्धित व्यक्तिले दिएको गुनासो दर्ता गरी राख्नेछन्।

(३) उपदफा (२) बमोजिम दर्ता भएको गुनासो छिनोफानो गर्न देहाय बमोजिमको गुनासो व्यवस्थापन समिति गठन हुनेछ ।

(क) अध्यक्ष – गाउँपालिकाको अध्यक्ष

(ख) उपाध्यक्ष – गाउँपालिकाको उपाध्यक्ष

(ग) कृषि क्षेत्र हेर्ने गाउँ कार्यपालिकाका सदस्य – सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

(ङ) कृषि अधिकारी – गुनासो सुन्ने अधिकारी

(च) सम्बन्धित वडा अध्यक्ष – आमन्त्रित सदस्य

(४) उपदफा (३) बमोजिम गठित गुनासो समितिले गुनासो सुनि मेलमिलापको माध्यमद्वारा गुनासो व्यवस्थापन गर्नुपर्नेछ ।

## परिच्छेद-१४

## विविध

**४६. अन्तर निकाय समन्वय र नियमन** : (१) स्थानीय तहमा रहेका अन्तर सरकारी निकाय र गैरसरकारी संघसंस्थाबीच कार्यक्रम, योजना तथा विकास निर्माण कार्य सञ्चालन दोहोरो पर्न नदिन समन्वय सहित योजना तर्जुमा गरि कार्यान्वयन गरिनेछ । यसका लागि पालिकाभित्र कार्यक्रम सञ्चलान सहयोग इकाई गठन गरी कार्यविधि समेत तय गरी कार्यान्वयन गरिनेछ ।

(२) उपदफा (१) बमोजिम योजना कार्यान्वयन गर्दा अन्तर प्रदेश वा प्रदेश-प्रदेश वीच समन्वय गर्नु आवश्यक भएमा गढवा गाउँपालीकाले प्रदेश मार्फत वा सिधै पनि सम्पर्क वा समन्वय गर्न सक्नेछ।

(३) उपदफा (१)बमोजिम कार्यक्रम सञ्चालन गर्दा अनियमितता हुन नपाउने गरी नियमन गर्नको लागि तोकिए बमोजिम अनुगमन समिति गठन गरिनेछ ।

**४७. आन्तरिक तथा वाह्य सहयोग लिन सक्ने** : संघीय सरकारको अनुमति लिई स्थानीय तहले आफ्नो क्षेत्रको विकासको लागि स्वदेशी वा विदेशी संघ संस्थासंग आर्थिक तथा प्राविधिक सहयोग लिन सक्नेछ । तर गढवा गाउँपालिकाले यसरी प्राप्त रकम र सहायता सम्झौता भएको क्षेत्रमा नै प्रयोग गर्नु पर्नेछ ।

**४८. कृषक परिचय पत्र र पेन्सन व्यवस्था : प्रदेश र संघीय सरकारसँग समन्वय गरी** कृषकको वर्गीकरण अनुसार परिचय पत्र प्रदान गरिने तथा कृषक परिचय पत्रको आधारमा कार्यविधि बनाई कृषक पेन्सन कार्यक्रम सञ्चालनमा ल्याईनेछ ।

**४९. विधेयक कार्यान्वयनको जिम्मेवारी** : यो विधेयकको कार्यान्वयनको जिम्मेवारी गढवा गाउँपालिकाको कार्यपालिका समिति, पालिकाका वडा कार्यालय, पालिकाका कृषि ज्ञान केन्द्र तथा सम्बन्धित सबै जन प्रतिनिधि र कर्मचारीको हुनेछ ।

**५०. नियम तथा निर्देशिका बनाउने** : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँ कार्यपालिकाले आवश्यक नियम, निर्देशिका वा कार्यविधि बनाउनेछ ।

**५१. संघ, प्रदेश सरकारको ऐनसंग बाझिएमा बाझिएको हदसम्म अमान्य हुने** : गढवा गाउँपालिकाबाट तर्जुमा गरिएको यो ऐन र यो ऐन अर्न्गत बन्ने नियम, निर्देशिका, मापदण्डहरू संघ तथा प्रदेश कानूनसंग बाझिएमा बाझिएको हदसम्म यो ऐन र यस ऐन मातहतका नियमहरूका सम्बन्धित व्यवस्थाहरू स्वतः निस्कृय हुनेछन् ।

**५२. व्याख्या गर्ने अधिकार** : यो ऐनको व्याख्या गर्ने अधिकार गढवा गाउँपालिको कार्यपालिका समितिमा निहित रहनेछ ।

**५३. बचाउ तथा खारेजी** : गढवा गाउँपालिकाले कृषि सम्बन्धि यस अधि गरेका सम्पुर्ण निर्णयहरू यसै ऐन बमोजिम भए गरेको मानिनेछ र यस अघि पारित भएका कार्यविधिहरू यसै ऐन बमोजिम खारेज हुनेछ ।

आज्ञाले,

नाम : लाल बहादुर योगी

प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची-१

**दफा २ (ङ) सँग सम्बन्धित** (१) खाद्यान्न बालीको उत्पादन

(२) फलफूल, तरकारी, दलहन, तेलहन, चिया कफी तथा मसलाजन्य बस्तुको खेती

(३) पशु, पन्छी, माछा तथा मौरी पालन

(४) उखु, फूल, रेशम, कपास, जुट, सनपाट, काँस, बाबियो, बेत, बाँस तथा रबरखेती

(५) नयाँ प्रविधिद्वारा विभिन्न प्रकारका विरुवाहरू उत्पादन ٢त्ष्ककगभ ऋगतिगचभ० तथा एग्रोफरेष्ट्री ٢ब्नचय ँयचभकतचथ० सञ्चालन

(६) कृषि कार्यका लागि आवश्यक पर्ने दाना, मलखाद, विषादी, औषधी तथा औजार आदिको उत्पादन

(७) जडीबुटि उत्पादन ।

# अनुसूची-२
## दफा २८ सँग सम्बन्धित

श्री अध्यक्ष ज्यू,
गढवा गाउँपालिका,
गढवा, दाङ ।

विषय : कृषि बजार र संकलन केन्द्रको स्थापना

हामीले/मैले तपशिल विवरणमा उल्लेख भए अनुसार गढवा गाउँपालिका वडा नं. ....., टोल ............... मा कृषि बजार/संकलन केन्द्रको स्थापनाका लागि यो आवेदन पेश गरेको छु ।
हामीलाई/मलाई कृषि बजार/संकलन केन्द्र खोल्न अनुमति/सिफारिस गरिदिनु हुन अनुरोध गर्दछु ।

**<u>आवस्यक कागजातहरू :</u>**

१. जमिनको अवस्था (लिजमा भए सम्झौता), निजि भए धनिपूर्जा) को फोटो कपी
२. कृषि फर्म/समूह/सहकारी दर्ताको प्रतिलिपि
३. सञ्चालन नियम विधानको प्रतिलिपि
३. नमुना प्याड/नमुना लोगो/छाप विवरण
४. सामूहिक निर्णय प्रतिलिपि
६. बजेट सहितको कृषि बजार वा संकलन केन्द्रको योजना
७. सबै सदस्यहरूको नागरीकताको प्रतिलिपि
७ वातावरणीय हिसाबले असर नपर्ने सर्जिमिन मुचूल्का

निवेदन
नामः
ठेगाना :
पद :
छाप :
किसिम ( फर्म/समूह/सहकारी) :.......

## अनुसूची-३
### दफा २३ सँग सम्बन्धित

**श्री अध्यक्ष ज्यू,**
**गढवा गाउँपालिका,**
**गढवा, दाङ ।**

विषय : सूचिकृत सम्बन्धमा

हामीले/मैले ............................... नामको फर्म/समूह/सहकारी मिति ......................... बाट सञ्चालनमा आएको छ । मेरो/हाम्रो ............................................. नामको फर्म/समूह/सहकारीलाई यस गाउँपालिकमा सूचिकृत गरिदिनु हुन अनुरोध गर्दछौँ । मेरो/हाम्रो ...................... फर्म/समूह/सहकारीको विवरण निम्न अनुसार उल्लेख छ ।

आवस्यक कागजातहरू :
१. फर्म/समूह/सहकारीको नाम :
२. दर्ता भएको मिति :
३. सञ्चालन भएको स्थान र ठेगाना :
४. आर्थिक प्रतिवेदन
५. वार्षिक प्रतिवेदन

निवेदक :
नाम :
ठेगाना :
फोन नं :
ईमेल :
पद :
छाप :

# अनुसूची-४
## दफा २३ सँग सम्बन्धित

**श्री अध्यक्ष ज्यू,**

**गढवा गाउँपालिका,**

**गढवा, दाङ ।**

विषय : कृषि अनुदान सम्बन्धमा ।

हामीले/मैले ................................ विगत ....... वर्ष देखि .................. खेती गर्दै आएको छौं । यस खेतीलाई व्यवसायिक रूपमा अघि बढाउनका लागि गाउँपालिकाको मिति ........ बाट पारित भएको ............................ कृषि प्राप्त गर्नका लागि यस पत्र मार्फत अनुरोध गर्दछु ।

मेरो/हाम्रो ....................... फर्म/समूह/सहकारीको विवरण निम्न अनुसार उल्लेख छ ।

१. फर्म/समूह/सहकारी दर्ताको प्रतिलिपि

२. खेतीको योजना बजेट सहित

३. गर्ने सदस्यहरूको नागरिकताको प्रतिलिपि

निवेदक :

नाम :

ठेगाना :

फोन नं :

ईमेल :

पद :

छाप :

## अनुसूची-५
### दफा ३८ सँग सम्बन्धित

**श्री अध्यक्ष ज्यू,**
**गढवा गाउँपालिका,**
**गढवा, दाङ ।**

**विषय ः गुनासो दर्ता सम्बन्धमा**

**उजुरीको प्रकार** ः (क) कृषि अनुदानको दुरुपयाग (   )

(ख) गलत कृषकलाई अनुदान (   )

(ग) कर्मचारी सम्बन्धमा (कृषि अनुदान अर्न्तगत) (   )

............................................ ले यस पालिकाबाट मितिमा प्राप्त कृषि अनुदान ............................ को दुरुपयोग/गलत कृषकलाई अनुदान/कर्मचारीको सम्बन्धमा गाउँपालिकाको कृषि ऐनको दफा ३८ बमोजिम निम्न प्रमाण सहितको गनुासो दर्ताको लागि निवेदन पेश गर्दछु ।

**समावेश गरिएको प्रमाणहरू ः**

१. नागरिकताको प्रतिलिपी

२. तस्बीर

३. अन्य ........

निवेदक ः
नाम ः
ठेगाना ः
फोन नं ः
सहि ः

आज्ञाले
लाल बहादुर योगी
प्रमुख प्रशासकिय अधिकृत